# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०७६/०७७
च.नं. : ६६५

फोन नं. : ०९६-४१०२२२
e-mail: amargadhimunicipality@gmail.com
website: amargadhimun.gov.np


मितिः २०७६/०८/१६

**विषयः सांस्कृतिक कार्यक्रममा सहभागिता सम्बन्धमा ।**

**श्री अमरगढी नगरपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरु**

प्रस्तुत विषयमा रेडियो युनिटी ९२.२ मेगाहर्ज डडेल्धुराको च.नं. ३८, मिति २०७६/०८/१० को प्राप्त पत्र अनुसार उक्त रेडियोको पाँचौ वार्षिकोत्सवको अवसरमा मिति २०७६ मंसीर २१ गते आयोजना हुने अन्तर विद्यालय नगर स्तरीय सांस्कृतिक कार्यक्रममा अमरगढी नगरपालिका क्षेत्रभित्रका आधारभूत र माध्यमिक विद्यालयहरुको उपस्थितिका लागि आवश्यक समन्वय गरिदिन अनुरोध भई आएकाले ईच्छुक विद्यालयहरुलाई सो कार्यक्रममा सहभागिताका लागि अनुरोध गरिन्छ । साथै कार्यक्रमसम्बन्धी विस्तृत विवरणका लागि उक्त रेडियोको पत्रको छायाँकपीसमेत यसैसाथ संलग्न राखिएको व्यहोरा अनुरोध छ ।

(मिन राज ओझा)
नि. प्रमुख प्रशासकीय अधिकृत

"पश्चिम नेपाल मिडिया अभियान द्वारा सञ्चालित"

# रेडियो युनिटी ९२.२ मेगाहर्ज

# Radio Unity 92.2 Mhz.

अमरगढी ५, खलंगा डडेल्धुरा

DAO R.N.:319/2066/067
PAN N.: 303498593
SWC R.N.:27907
License N.: 820/072/073

प.सं. २०७६/०७७
च.नं. ३८

मिति : २०७६/०८/१०

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
अमरगढी नगरपालिका
डडेल्धुरा ।

**बिषय : - आवश्यक समन्वय सम्बन्धमा ।**

महोदय,

उपरोक्त बिषय सम्बन्धमा यस रेडियोको पाँचौ बार्षिकोत्सवको अवसरमा यस क्षेत्रको भाषा कला संस्कृति र भेषभुषाको प्रवर्द्धन र प्रर्दशन गरि प्रचार-प्रसार गर्न डडेल्धुरा जिल्लामा आयोजना हुन गईरहेको युनिटी खेलकुद तथा सांस्कृतिक महोत्सव- २०७६ अर्न्तगत मिति २०७६ मंसिर २१ गते डडेल्धुराको खुलामञ्च टुडिखेलमा **अन्तर विद्यालय नगर स्तरीय सांस्कृतिक कार्यकम** (राष्ट्रियता र लोक संस्कृति झल्किने) संचालन गर्न गईरहेको हुदा नगरक्षेत्र भित्रका आधारभुत र माध्यमिक विद्यालयहरुको उपस्थितिका लागि तहाँ कार्यालयबाट विद्यालयहरु संग समन्वय गरिदिन हुन् हार्दिकताका साथ अनुरोध गर्दछु ।

**पुनश्च** : विद्यालयले मंसिर १९ गते ४:०० बजे भित्र विद्यालयको लेटरप्याडमा सहभागिको नाम दर्ता गराई सक्नु पर्ने छ ।

**पुरुस्कार राशी :**
प्रथम पुरुस्कार रु.५,०००।- सहित प्रमाणपत्र
द्धितिय पुरुस्कार रु.३,०००।- सहित प्रमाणपत्र
तृतिय पुरुस्कार रु.२,०००।- सहित प्रमाणपत्र
सहभागिता वाफत प्रति विद्यालय रु.१,०००।- सहित प्रमाणपत्र

उत्तर बिष्ट
स्टेशन म्यानेजर

Amargadhi 5, khalanga Dadeldhura; Tel: 096-420414, 415, 416 E-mail: addufm@gmail.com, Web: www.radiounity.com.np